# BWSD खाना सेवा सूचना

**स्कूल वर्ष 2021-2022 को लागि अपडेट**
भाइरसको पुनरुत्थानको कारण डिस्ट्रिक्ट 2021-2022 स्कूल वर्षको लागि सिमलेस समर अपरेशन अन्तर्गत संचालन गर्नेछ। यसको मतलब यो हो कि आमाबुवाहरूले सुविधाको लागि यस वर्ष खाना आवेदनहरू पूरा गर्नुपर्ने छैन। ***परिवारहरूलाई सबै खाना निःशुल्क प्रदान गरिनेछ।*** विद्यार्थीहरूलाई बिहानको खाजा र दिउँसोको खाना दुवैको लागि प्रति दिन एक खानाको अनुमति दिइनेछ। खाना सेवालाई द्रुत बनाउन र सबैलाई सक्दो सुरक्षित राख्न यस स्कूल वर्षमा तयार गरिएको खाना (Grab & Go Meal) विकल्पहरू प्रभावकारी रहनेछन्।

**निः शुल्क खाना वितरण:**
भौतिक रूपमा स्कूलमा उपस्थित नहुने विद्यार्थीहरू वा समुदायमा 18 वर्ष उमेर पुगेको र कम उमेरको कुनै पनि बच्चाले BWSD मा बिहानको खाजा वा दिउँसोको खानाको लागि निःशुल्क तयार गरिएको खाना (grab & go meal) प्राप्त गर्न सक्छ। हाइ स्कूलमा परिवारहरूलाई प्रत्येक बुधबार बेलुका 4:00-6:00 सम्म बिहानको खाजा तथा दिउँसोको खाना भएको साप्ताहिक खानाको बन्डलहरू वितरण गरिनेछ। कुनै अर्डरको आवश्यकता छैन। अमबुवाहरूले आफ्नो बालबालिकाको लागि खाना लिएर जान सक्छन्।

**खाना आवेदन:**
2021-2022 स्कूल वर्षको लागि निःशुल्क/ कम मूल्यमा खानाको आवेदनहरू संकलन/प्रशोधन गरिदैनन् किनभने स्कूल डिस्ट्रिक्टले नेस्नल स्कूल लन्च प्रोग्रामको सट्टा सिमलेस समर अपरेसन अन्तर्गत संचालन गर्दैछ। यस स्कूल वर्षको लागि परिवारहरूलाई बिहानको खाजा तथा दिउँसोको खाना निःशुल्क प्रदान गरिनेछ।

**बिहानको खाजा:**
सबै स्कूलहरूमा परिवारहरूलाई बिहानको खाजा निःशुल्क प्रदान गरिन्छ। कक्षा K-6: कक्षाकोठामा खाजा कार्यक्रमले विद्यार्थीहरूलाई उनीहरूको होमरूम कक्षामा एउटा खाजाको झोला प्रदान गर्नेछ। कक्षा 7-12: ब्रेकफास्ट गो एण्ड ग्र्याब कार्ट्स (Breakfast Grab & Go Carts) मुख्य हलवेहरूमा हुनेछन्। विद्यार्थीहरूले भवनमा प्रवेश गरिसकेपछि खाजाको झोला लिन सक्छन् र उनीहरूलाई आफ्नो खाजा कक्षाकोठामा खान अनुमति छ।

**दिउँसोको खाना:**
सबै स्कूलहरूमा परिवारहरूलाई दिउँसोको खाना निःशुल्क प्रदान गरिन्छ। खानाको समयमा विद्यार्थीहरूको लागि तयार गरिएको खाना (Grab & Go Meal) उपलब्ध हुनेछ। विद्यार्थीहरूसँग मुख्य खानाको विकल्प हुनेछ। कक्षा K-6 सँग प्रत्येक दिन मुख्य तीन खानाको विकल्पहरू उपलब्ध हुनेछन्। कक्षा K 7-12 सँग प्रत्येक दिन मुख्य पाँच खानाको विकल्पहरू उपलब्ध हुनेछन्।

**अला कार्टे सेल्स:**
विद्यार्थीहरूले दिउँसोको खाना खाने समयमा अला कार्टे खाजा तथा पेय पदार्थहरू खरिद गर्न सक्नेछन्। अला कार्टे खाजा, पेय पदार्थ, दूध, दोश्रो खाना, वा अला कार्टे खाद्य विकल्पहरू खरिद गर्नको लागि विद्यार्थीसँग उनीहरूको खाद्य सेवा खातामा अनिवार्य ब्यालेन्स हुनुपर्दछ। अला कार्टे सामग्रीहरू खरिद गर्ने दिन अघि आमाबुवाहरूले आफ्नो बच्चाको खातामा भुक्तानीहरू गर्न आवश्यक हुनेछ।

**खानाको भुक्तानी:**
आमाबुवाहरूलाई लक्षित खरिदको कम्तिमा एक हप्ता अगाडि भुक्तानीहरू गर्न प्रोत्साहित गरिन्छ।

**इ-फण्डका साथ अनलाइन भुक्तानी गर्न:**
डिस्ट्रिक्ट वेबसाइटमा जानुहोस्, आमाबुवाहरूको लागि ड्रप डाउन मेनु छनौट गर्नुहोस् र खानाको भक्तानीमा क्लिक गर्नुहोस्।

*नोट: भुक्तानी र वा नगद क्याफेटेरिया/ स्कूलहरूमा स्वीकार गरिने छैनन्। स्कूल डिस्ट्रिक्टले विद्यार्थी तथा कर्मचारीहरूको सुरक्षाको लागि क्यासलेस संचालन कार्यन्वयन गरेको छ।

**विद्यार्थी खातामा पहुँच :**
कक्षा 6-12: विद्यार्थीहरूलाई उनीहरूको अला कार्टेको लागि भुक्तानी गर्न आफ्नो खाद्य सेवा खातामा पहुँच पाउन रजिस्टरमा कीप्याडमा आफ्नो पिन नम्बर (विद्यार्थी आइडी नम्बर) प्रविष्ट गर्न भनिनेछ। विद्यार्थीहरूले आफ्नो पिन नम्बर बिर्सिएको खण्डमा सहयोगको लागि आफ्नो प्रबन्धकलाई सम्पर्क गर्न सक्छन्।

**दोषी खाता:**
कृपया स्कूल बोर्ड नीति 808.1 – खाना खाता (Lunch Accounts) हेर्नुहोस्।

**मेनु:**
हाम्रो वेबसाइट (www.bwschools.net) मा स्कूल वर्षको अवधिमा खानाको मेनुहरू नियमित रूपमा अपडेट गरिन्छन्। ड्रप डाउन मेनु आमाबुवा (Parents) छनौट गर्नुहोस् र खाना/खाजा मेनु (Lunch/Breakfast Menus) मा क्लिक गर्नुहोस्।

**विशेष आहार अनुरोध:**
कृपया jweber@bwschools.net मा वा 412-884-6300 x 7441 मा फोनद्वारा जोइस वेबर, खाद्य सेवा निर्देशकलाई सम्पर्क गर्नुहोस्। BWSD खाद्य सेवा विभाग वेबसाइटमा विशेष आहारको स्वरूप तथा निर्देशनहरू पोस्ट गरिन्छन्।

**वेबसाइट & ट्विटर खाता:**
आमाबुवाहरूलाई माथि साझा गरिएका जानकारीको थप विवरणको लागि र BWSD मा प्रदान गरिने खाजा तथा खाना कार्यक्रम बारे थप जानकारी तथा समाचारको लागि डिस्ट्रिक्ट वेबसाइट, (www.bwschools.net –Select Departments > Food Service), बाट खाद्य सेवा विभागको गृह पृष्ठ हेर्न प्रोत्साहित गरिन्छ। कार्यक्रम तथा समाचारको लागि हामीलाई ट्विटर @BWFOODSERVICE मा फलो गर्नुहोस्।

संघीय नागरिक कानुन अधिकार तथा यू.एस. डिपार्टमेन्ट अफ एग्रीकल्चर (USDA) नागरिक अधिकार नियम तथा नीतिका अनुसार, USDA कार्यक्रमहरूमा सहभागी हुने वा संचालन गर्ने USDA, यसका एजेन्सी, कार्यालय, तथा कर्मचारी, र संस्थाहरूलाई नश्ल, रङ, मूल राष्ट्रियता, लिङ, अशक्तता, उमेर, वा USDA द्वारा आयोजित वा प्रायोजित कार्यक्रम वा गतिविधिमा पूर्व नागरिक अधिकार गतिविधिको लागि प्रतिकार वा प्रतिशोधको आधारमा विभेद गर्न निषेध गरिएको छ।

कार्यक्रम जानकारीको लागि वैकल्पिक संचारको माध्यमहरू (ब्रेल, ठूलो प्रिन्ट, अडियो टेप, अमेरिकी सांकेतिक भाषा, आदि।) आवश्यक भएका अशक्तता भएका व्यक्तिहरूले एजेन्सी (स्टेट वा स्थानीय) लाई सम्पर्क गर्नु पर्दछ जहाँ उनीहरूले सुविधाहरूको लागि आवेदन गरे। बहिरा, सुन्न कठिनाइ वा बोल्नमा अशक्तता भएका व्यक्तिहरूले (800) 877-8339 मा फेडेरल रिले सर्भिसको माध्यमले USDA मा सम्पर्क गर्न सक्छन्। थप रूपमा, कार्यक्रम जानकारी अंग्रेजी बाहेक अन्य भाषाहरूमा उपलब्ध गराउन सकिन्छ।

विभेदको कार्यक्रम गुनासो दाखिला गर्नको लागि http://www.ascr.usda.gov/complaint_filing_cust.htm मा अनलाइन र कुनै पनि USDA कार्यालयमा पाइने USDA कार्यक्रम विभेद गुनासो फारम, (AD-3027) पूरा गर्नुहोस् वा USDA लाई सम्बोधन गरेर पत्र लेख्नुहोस् र फारममा अनुरोध गरिएका सबै जानकारी पत्रमा प्रदान गर्नुहोस्। गुनासो फारमको एक प्रति अनुरोध गर्नको लागि (866) 632-9992 मा कल गर्नुहोस्। तल दिइएको माध्यमबाट आफ्नो पूरा भएको फारम वा पत्र पेश गर्नुहोस्।

1. मेल: U.S. Department of Agriculture, Office of the Assistant Secretary for Civil Rights,1400 Independence Avenue, SW Washington, D.C. 20250-9410
2. फ्याक्स: (202) 690-7442; वा
3. इमेल: program.intake@usda.gov.

यो संस्था एक समान अवसर प्रदायक हो।

# बाल्डविन-व्हाइटहल स्कूल डिस्ट्रिक्ट

4900 Curry Road • Pittsburgh, Pennsylvania 15236
टेलिफोन: 412-884-6300 • फ्याक्स: 412-885-7802 • www.bwschools.net


अगस्ट 2021

आदरणीय आमाबुवा वा अभिभावकज्यू:

बाल्डविन व्हाइटहल स्कूल डिस्ट्रिक्टको सबै भर्ना भएका विद्यार्थीहरू प्रत्येक स्कूल लाग्ने दिनमा **निःशुल्क** खाजा तथा खाना प्राप्त गर्न योग्य छन्।

तपाईंले थप कुनै कदम चलाउन आवश्यक छैन।

यदि तपाईंसँग प्रश्नहरू छन् भने कृपया 412-884-6300 x 7443 मा जेनिफर होल्बीलाई सम्पर्क गर्नुहोस्।

भवदीय,

Joyce Weber

खाना सेवा निर्देशक

संघीय नागरिक कानुन अधिकार तथा यू.एस. डिपार्टमेन्ट अफ एग्रीकल्चर (USDA) नागरिक अधिकार नियम तथा नीतिका अनुसार, USDA कार्यक्रमहरूमा सहभागी हुने वा संचालन गर्ने USDA, यसका एजेन्सी, कार्यालय, तथा कर्मचारी, र संस्थाहरूलाई नश्ल, रङ, मूल राष्ट्रियता, लिङ, अशक्तता, उमेर, वा USDA द्वारा आयोजित वा प्रायोजित कार्यक्रम वा गतिविधिमा पूर्व नागरिक अधिकार गतिविधिको लागि प्रतिकार वा प्रतिशोधको आधारमा विभेद गर्न निषेध गरिएको छ।

कार्यक्रम जानकारीको लागि वैकल्पिक संचारको माध्यमहरू (ब्रेल, ठूलो प्रिन्ट, अडियो टेप, अमेरिकी सांकेतिक भाषा, आदि।) आवश्यक भएका अशक्तता भएका व्यक्तिहरूले एजेन्सी (स्टेट वा स्थानीय) लाई सम्पर्क गर्नु पर्दछ जहाँ उनीहरूले सुविधाहरूको लागि आवेदन गरे। बहिरा, सुन्न कठिनाइ वा बोल्नमा अशक्तता भएका व्यक्तिहरूले (800) 877-8339 मा फेडेरल रिले सर्भिसको माध्यमले USDA मा सम्पर्क गर्न सक्छन्। थप रुपमा, कार्यक्रम जानकारी अंग्रेजी बाहेक अन्य भाषाहरूमा उपलब्ध गराउन सकिन्छ।

विभेदको कार्यक्रम गुनासो फाइल गर्नको लागि http://www.ascr.usda.gov/complaint_filing_cust.htm मा अनलाइन र कुनै पनि USDA कार्यालयमा पाइने USDA कार्यक्रम विभेद गुनासो फारम, (AD-3027) पूरा गर्नुहोस् वा USDA लाई सम्बोधन गरेर पत्र लेख्नुहोस् र फारममा अनुरोध गरिएका सबै जानकारी पत्रमा प्रदान गर्नुहोस्। गुनासो फारमको एक प्रति अनुरोध गर्नको लागि (866) 632-9992 मा कल गर्नुहोस्। तल दिइएको माध्यमबाट आफ्नो पूरा भएको फारम वा पत्र पेश गर्नुहोस्।

1. मेल: U.S. Department of Agriculture, Office of the Assistant Secretary for Civil Rights,1400 Independence Avenue, SW Washington, D.C. 20250-9410
2. फ्याक्स: (202) 690-7442; वा
3. इमेल: program.intake@usda.gov.

यो संस्था एक समान अवसर प्रदायक हो।